# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ सख्या: ८ गाउँकार्यपालिकाबाट पारित मितिः २०८३।०४।०८


# भाग-२

## संयुक्त सुरक्षित आवास गृह सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः**

घरेलु हिंसा, महिला हिंसा तथा कसूरजन्य कार्यबाट प्रभावित भई अलपत्र भएका प्रभावित महिला तथा बालबालिकाहरु, किशोरीहरु लगायतलाई तत्काल संरक्षण गर्न, न्याय दिलाउन र पारिवारिक मेलमिलाप कायम गराउने तर्फ सहजीकरण गर्न आवश्यक देखिएकाले प्रभावित अवधिमा सुरक्षित राख्न गर्नका लागि रुकुम (पूर्वी भाग) जिल्लामा बसोबास गर्ने वा यस जिल्ला भित्र फेला परेका महिला हिंसा, घरेलु हिंसा तथा कसूरजन्य कार्यबाट पीडित महिला, तथा बालबालिका किशोरीहरु लगायतलाई तत्काल अल्पकालीन सेवा र सुविधा उपलब्ध गराउनका पुऱ्याउनका लागि स्थानीय

सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो अल्पकालीन सुरक्षित आवास गृह सञ्चालन कार्यविधि, २०८३ तयार गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " अल्पकालीन संयुक्त सुरक्षित आवास गृह संचालन कार्यविधि, २०८३" रहेको छ । यो कार्यविधि जिल्ला सभाबाट स्वीकृत गरी रुकुम (पूर्वी भाग) जिल्लाका सिस्ने, पुथा-उत्तरगंगा र भुमे गाउँकार्यपालिकाको बैठकबाट पारित अनुमोदन भए पश्चात लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख)"गाउँपालिका" भन्नाले रुकुम (पूर्वी भाग) जिल्लाका सिस्ने, पुथा-उत्तरगंगा र भुमे गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले रुकुम (पूर्वी भाग) जिल्लाका सिस्ने, पुथा-उत्तरगंगा र भुमे गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "अल्पकालीन सुरक्षित आवास गृह" भन्नाले महिला तथा बालबालिका लगायत, किशोरीहरुलाई सुरक्षित एवं व्यवस्थित ढंगले राख्न यो कार्यविधि बमोजिम तोकिएको घर कम्पाउण्डलाई सम्झनु पर्दछ ।

(ङ) "प्रभावित" भन्नाले घरेलु हिंसा वा महिला हिंसामा परि वा कसूरजन्य कार्यबाट प्रभावित भई घरवाट निकालिएका वा घरमा वस्न नसक्ने अवस्था भई वा बाहिरिएका बेसहारा भई अलपत्रमा परेका हिंसा खेपेका महिला तथा बालबालिका लगायतहरुलाई सम्झनु पर्छ ।

(च) "समन्वय समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित समन्वय समितिलाई जनाउने छ ।

(छ) "सञ्चालक समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित सञ्चालक समितिलाई जनाउने छ ।

(ज) “स्थानीय सेवा प्रदायक” भन्नाले सुरक्षित आवास गृह संचालन गर्न प्रस्ताव गरी छनौट भएका संस्थालाई बुझ्नु पर्दछ ।

## परिच्छेद-२

## उद्देश्य र क्षेत्र

३. उद्देश्यः घरेलु हिंसा, महिला हिंसा तथा कसूरजन्य कार्यबाट प्रभावित भई अलपत्र भएका प्रभावितहरुलाई तत्काल संरक्षण गर्न, न्याय दिलाउन र पारिवारिक मेलमिलाप कायम गराउने तर्फ सहजीकरण गर्न र प्रभावित अवधिमा सुरक्षित गर्नका लागि तत्काल अल्पकालीन सेवा र सुविधा पुऱ्याउनु सुरक्षित आवास गृहको उद्देश्य हुनेछ ।

४. सुरक्षित आवास गृह रहने स्थान र कार्यक्षेत्रः १) यो आवासश गृह रुकुम (पूर्वी भाग) जिल्लाको सिस्ने गाउँपालिकाको रुकुमकोटमा रहने छ । २) यस सुरक्षित आवास गृहको कार्यक्षेत्र रुकुम (पूर्वी भाग) जिल्ला भर रहनेछ ।

## परिच्छेद-३

## समन्वय र सञ्चालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

५. समन्वय समितिः १) यस कार्यविधि बमोजिम स्थापना हुने सुरक्षित आवास गृहको सञ्चालन गर्नको लागि देहाय बमोजिमका पदाधिकारी रहने गरी एक समन्वय समिति रहने छ ।

अध्यक्षः जिल्ला समन्वय समितिका प्रमुख

सदस्यः सिस्ने गाउँपालिका अध्यक्ष

सदस्यः पुथा-उत्तरगंगा गाँउपालिकाका अध्यक्ष

सदस्यः भुमे गाँउपालिकाका अध्यक्ष

सदस्यः प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी

सदस्यः जिल्ला न्यायाधिवक्ता

सदस्यः प्रमुख जिल्ला प्रहरी कार्यालय

सदस्यः अध्यक्ष / अध्यक्ष प्रतिनिधि, नेपाल बार एसोसियसन, रुकुमकोट

सदस्यः गैसस महासंघ नेपाल, जिल्ला अध्यक्ष प्रतिनिधि

सदस्यः महिला, बालबालिका तथा लैङ्गिक समानताको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि ११ जना (समन्वय समितिको अध्यक्षले तोकेको)

सदस्यः प्रमुख/ प्रतिनिधि एकद्वार संकट व्यवस्थापन केन्द्र

सदस्यः नेपाल पत्रकार महासंघको जिल्ला शाखाका प्रमुख/प्रतिनिधि

सदस्य सचिवः जिल्ला समन्वय अधिकारी

६. समन्वय समितिको काम, कर्तव्य, अधिकारः समन्वय समितिको काम, कर्तव्य, अधिकार देहाय अनुरुप हुनेछ ।

क) सुरक्षित आवास गृह सञ्चालनका लागि मापदण्ड र खर्चका मानक (दर) तोक्ने ।

ख) मापदण्ड अनुरुप संचालन भए नभएको अनुगमन गरि सञ्चालक समितिलाई आवश्यक सुझाव/ निर्देशन दिने ।

ग) सुरक्षित आवास गृह सञ्चालनका लागि आवश्यक साधन श्रोत जुटाउनका लागि समन्वय गर्ने ।

घ) सञ्चालक समितिबाट पेश हुन आएको बजेट तथा कार्यक्रम पारित गर्ने ।

ङ) सुरक्षित आवास गृहमा कार्यरत जनशक्तिको सेवा सुविधा निर्धारण गर्ने ।

७. सञ्चालक समिति : सुरक्षित आवास गृहको सञ्चालनको लागि देहाय बमोजिमको सञ्चालक समिति रहने छ ।

अध्यक्षः सिस्ने गाउँपालिका उपाध्यक्ष -प्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत, पुथा-उत्तरगंगा गाँउपालिका

सदस्यः प्रमुख प्रशासकीय अधिकृत, भुमे गाँउपालिकाका प्रमुख

सदस्यः प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी अधिकृत स्तरको प्रतिनिधि

सदस्यः प्रतिनिधि जिल्ला प्रहरी कार्यालय (महिला सेल प्रमुख)

सदस्यः गैसस महासंघ नेपाल जिल्ला अध्यक्ष / प्रतिनिधि

सदस्यः सुरक्षित आवास गृहका प्रमुख

सदस्यः सुरक्षित आवास गृह रहेको स्थानीय तहको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख

सदस्यः हिंसा विरुद्ध कार्यरत महिला अधिकारकर्मी र संचार कर्मीहरुबाट समन्वय समितिले मनोनित गरेका बढिमा ३ जना

सदस्यः महिला, बालबालिका तथा लैङ्गिक समानताको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि १ जना सदस्य

सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत, सिस्ने गाँउपालिका

८. सञ्चालक समितिको काम, कर्तब्य र अधिकारः सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क) सुरक्षित आवास गृह संचालन र रेखदेख गर्ने

ख) सुरक्षित आवास गृह संचालनका क्रममा भएका कार्य प्रगति र समस्याहरुका बारेमा आवश्यक सहजीकरण गर्ने ।

ग) सुरक्षित आवास गृह तोकेको मापदण्ड अनुसार संचालन भए नभएको हेरी सो अनुरुप गर्ने, गर्न लगाउने ।

घ) सुरक्षित आवास गृहको प्रगति र सुधार लगायतका आवश्यक कार्य विवरण समन्वय समितिलाई जानकारी गराउने ।

ङ) सुरक्षित आवास गृह संचालनका लागि लाग्ने आवश्यक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि समन्वय समितिमा पठाउने ।

च) मनोसामाजिक परामर्श र मनोविमर्शकर्ता र कानूनी सल्लाहकारहरुको रोष्टर तयार गर्ने ।

छ) सुरक्षित आवास गृहमा कार्यरत जनशक्तिको सेवा सुविधा स्वीकृतिका लागि समन्वय समितिमा पेश गर्ने ।

९. सञ्चालक समितिको छापः सुरक्षित आवाश गृहको दैनिक कामकाजको प्रयोजनका लागि सञ्चालक समितिको नामको अनुसुची-१ बमोजिमको ढाँचामा छुट्टै छापको प्रयोग गरिनेछ । बैठक सम्बन्धी व्यवस्थाः

क. समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

ख. सञ्चालक समितिको बैठक प्रत्येक १२ महिनामा र आवश्यकता अनुसार बस्नेछ ।

१०. सञ्चालक समितिको छापः सुरक्षित आवास गृहको दैनिक कामकाजको प्रयोजनका लागि सञ्चालक समितिको नामको अनुसुची-१ बमोजिमको ढाँचामा छुट्टै छापको प्रयोग गरिनेछ ।

## परिच्छेद-४

## सुरक्षित आवास गृहको कार्य जिम्मेवारी

१०.११. कार्य जिम्मेवारीः सुरक्षित आवास गृहको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) प्रभावित व्यक्तिका लागि स्वीकृत मापदण्ड बमोजिमको बस्ने-खाने व्यवस्था सहितको आश्रय केन्द्र सञ्चालन गर्ने ।

ख) खण्ड (क) बमोजिम आश्रित महिलाको अवस्था अनुसार निजलाई निम्न लिखित सेवाहरु प्रदान गर्ने ।

- लागेको चोटपटकको औषधी उपचार
- मनोसामाजिक परामर्श र मनोविमर्शकर्ताले
- न्यायमा पहुँच दिलाउन आवश्यक कानूनी परामर्श एवं सेवा
- कानुन कार्यान्वयन गर्ने निकायहरुसँग सम्पर्क समन्वय
- समन्वय समितिले तोकेको अन्य सेवा

ग) गम्भीर प्रकृतिको घटना भएको अवस्थामा वा पारिवारिक मेलमिलापको पहल व्यर्थ असफल भएको खण्डमा प्रभावित व्यक्तिलाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार दफा ९ को उपदफा (ख) बमोजिमका सेवा प्रदान गर्ने ।

घ) प्रभावित व्यक्ति महिलालाई सुरक्षित आश्रय आवश्यक नपर्ने तर दफा ९ को उपदफा (ख) मा उल्लेखित सेवाको आवश्यकता परेमा आवश्यक सेवा दिन सकिने ।

ङ) सेवा प्राप्त प्रभावित व्यक्ति महिलालाई हकभोग, पारिवारिक पुनर्नः मिलन, वैकल्पिक पुर्नःस्थापनाका लागि सम्प्रेषकलाई समन्वय गरी फिर्ता गर्ने ।

च) स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा, जटिल मनोसामाजिक समस्या भई थप मनोसामाजिक विमर्श आवश्यक परेमा, कानुनीकानूनी उपचार चाहेमा उक्त सेवा प्रदान गर्न वा सहजीकरण गर्न सकिने ।

छ) प्रभावित व्यक्ति महिलालाई सम्प्रेषक कहाँ फिर्ता पठाएपछि निजको अवस्था अनुसार पारिवारिक पुर्नमिलन गराई हकभोग दिलाउने तथा घटनाको पुनरावृत्ति नहोस् भनी निगरानी, अनुगमन लगायत यथाशक्य सहजीकरण गर्ने

ज) स्थानीय तहका अन्य संघ संस्था सँग निरन्तर सम्पर्क समन्वय गर्ने ।

झ) प्रभावित व्यक्तिहरुको विभिन्न सेवामा पहुँच स्थापना गर्न स्थानीय सेवा-प्रदायक माझ समन्वय गर्ने ।

ञ) सरोकारवाला निकायहरु, महिला संस्था समितिहरुको सहकार्यमा विभिन्न कार्यक्रमका माध्यमबाट घरेलु हिंसा, महिला हिंसा विरोधी सामाजिक जागरुकता बढाउने,

ट) सुरक्षित आवास गृहको मासिक, चौमासिक र वार्षिक भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन तयार गरी सञ्चालक समिति/समन्वय समितिमा पेश गर्ने ।

ठ) प्रचलित कानुनकानून बमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नेपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र न्यायिक उपचारबारे प्रभावित व्यक्तिहरुलाई परामर्श दिनुका साथै आवश्यकता अनुसार मद्दत गर्ने ।

ङ) पारिवारिक पुर्नःमिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केही पनि नभएको प्रभावित व्यक्तिहरुका हकमा जीविकोपार्जन अनुदानको रुपमा आर्थिक सहायता उपलब्ध गराउन पहल गर्ने,

ढ) सुरक्षित आवास गृहको उद्देश्य प्राप्तिका लागि आवश्यक भएमा समन्वय समसतले तोकेका अन्य कार्य गर्ने ।

**११.१२. सेवा लिने प्रक्रियाः**

क) प्रभावित व्यक्तिको मौखिक वा लिखित निवेदन,

ख) सुरक्षित आवास गृहको कार्यक्षेत्र भित्रका महिला संस्था वा अन्तर्गतको निकायको तर्फ स्थानीय तह, सरकारी कार्यालय लगायत अन्य संघसंस्था वा निकायबाट भई आएको मौखिक वा लिखित सिफारिस ।

ग) खण्ड (ख) मा उल्लेखित समिति, संस्था नभएको कार्यक्षेत्रको हकमा सुरक्षित आवास गृहसँग समन्वयमा कार्य गर्ने सामुदायिक संस्थाको सिफारिस ।

घ) विभिन्न सरकारी तथा गैरसरकारी सेवा प्रदायकको सिफारिस सम्प्रेषकको तर्फबाट सुरक्षित आवास गृहमा सिफारिस गर्दा कुन-कुन सेवाका लागि हो जनाउनु पर्दछ र प्रभावितहरु सँगै बालबालिका पनि भए उनीहरुको विवरण समेत खुलाउनु पर्नेछ । सम्प्रेषण गर्दा वा फिर्ता सम्प्रेषण गर्दा प्रभावित व्यक्तिलाई माथवर ब्यक्तिव्यक्तिको साथ लगाएर मात्र पठाउने छ । साथै, साथी दिई पठाएका व्यक्तिको विवरण समेत सम्प्रेषण गर्दा खुलाउनु पर्दछ ।

१२.१३. सुरक्षित आवास गृहमा आश्रय दिन सकिने अवधिः सुरक्षित आवास गृहमा प्रभावित व्यक्तिलाई देहायको अवधि सम्म राख्न सकिनेछ ।

क) प्रभावित व्यक्तिहरुका हकमा सुरक्षित आवास गृह अन्तर्गत ३० दिनसम्म र विशेष अवस्थामा थप १५ दिन गरी जम्मा ४५ दिनसम्म राख्न सकिनेछ ।

ख) सुरक्षित आवास गृह अन्तर्गतको सुरक्षित अल्पकालीलिन आश्रयमा प्रभावित व्यक्तिहरुलाई माथि उल्लिखित अवधि सम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ ।

ग) प्रभावित व्यक्तिको साथमा आएका व्यक्ति महिला भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक-पटक गरेर ७ दिनसम्म सुरक्षित आवास गृह अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ ।

ग)घ) प्रभावित व्यक्तिको साथमा निजका आश्रित शिशुहरु र शिशु स्याहार गर्ने महिला भएमा सो भन्दा बढी समय बस्न अनुमति दिन सकिनेछ ।

घ)ङ) उपर्युक्त अनुसार सुरक्षित आवास गृह अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अवधि गणना गर्दा चोटपटकको उपचारका सिलसिलामा अस्पतालमा बिताएको दिन जति घटाई गणना गरिनेछ ।

## परिच्छेद-५

## सुरक्षित आवास गृहको मापदण्ड

१३.१४. सुरक्षित आवास गृहको न्यूनतम मापदण्डः सुरक्षित आवास गृहको मापदण्ड देहाय बमोजिम हुनेछ ।

क) परिसरः आवास गृह परिसर देहाय बमोजिम हुनु पर्नेछ ।

♣ चारैतिर झट्ट बाह्य ब्यक्ति  वा पुशु चौपायाहरु प्रवेश गर्न नसक्ने गरी पर्खाल वा तारबारले घेरिएको

♣ भवन अनुसारको खुल्ला ठाउँ रहेको ।

♣ आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको ।

♣ सुरक्षाको दृष्टिकोणले उपर्युक्त स्थान

ख) आवास गृहः आवास गृह देहायका सुविधा सम्पन्न हुनुपर्दछ ।

♣ दुवैपट्टी झ्याल राखिएको हावा खेल्ने कोठाहरु ।

♣ एकजना भए प्रति व्यक्ति ६४ वर्गफिट र दुई वा बढी भए प्रतिव्यक्ति ५० वर्गफिटको कोठा क्षेत्रफल (Room Space)

♣ प्रत्येक ब्यक्तिव्यक्तिका लागि छुट्टाछुट्टै खाट ।

♣ प्रभावित बालबालिकाका लागि अलग्गै बालमैत्री कोठा ।

♣ भुईमा उपयुक्त डसना, झ्यालमा पर्दा, व्यक्तिगत सामानहरु राख्न तथा लेखापढी गर्न आवश्यक न्यूनतम फर्निचर ।

♣ मनोपरामर्श/मनोविमर्श सामाजिक विमर्श( Psycho-social Counseling) का लागि छुट्टै कक्ष ।

♣ शौचालय तथा स्नानकक्ष

♣ टेलिफोन सम्पर्क गर्ने र टेलिभिजन हेर्ने सुविधा

♣ पर्याप्त पानी

♣ नुवानाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, फोहोर सक्लन टोकरी, लुगा सुकाउने डोरी इत्यादि ।

♣ तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण

♣ सुरक्षाका लागि आवश्यकता अनुसार पालोपहरा ।

ग) पोशाक : भर्ना भएका आफै ब्यवस्था गर्न नसक्नेहरुका हकमा प्रत्येक व्यक्तिका लागि देहायका उल्लिखित पोशाकको व्यवस्था हुनुपर्दछ

♣ एक/एक जोर चप्पल

♣ एकसरो लगाउने लुगा ।

घ) खानेकुरा : सुरक्षित आवास गृहमा रहेने हिंसा प्रभावित व्यक्तिहरुका लागि न्यूनतम देहाय बमोजिमको खानेकुराको ब्यवस्था गर्नु पर्नेछ ।

♣ विहान चियासँगै हल्का खाजा ।

♣ दिउँसो खाना ।

♣ अपरान्ह पूर्ण खाजा सँगै चिया ।

♣ बेलुकी खाना ।

♣ प्रभावितको अवस्था अनुसार पौष्टिक आहार मांसाहारीका लागि सातामा दुइपल्ट माछामासु तथा शाकाहारीका हकमा सोको मूल्य बराबर दुध, दही, फलफूल ।

♣ उमालेको वा शुद्धीकरण गरिएको खानेपानी ।

♣ बालबालिकाको हकमा उमेर अनुसार आवश्यक खाना ।

♣ सञ्चालक समितिले तोके बमोजिम उल्लिखित खानेकुराको व्यब्यवस्था आवास गृहभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्न सकिनेछ ।

ङ) स्वास्थ्योपचार : संरक्षणमा लिइएका प्रभावित महिलाको स्वास्थ्योपचार स्थानीय अस्पतालमा गराउनु पर्दछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिनश्चित गर्नुपर्दछ ।

♣ समस्या हेरी नियमिति उपचार ।

♣ आकस्मिक उपचार ।

♣ बालबालिका हकमा उमेर अनुसार लगाउनु पर्ने खोप ।

♣ स्थानीय अस्पतालमा उपचार हुन नसक्ने अवस्थामा सञ्चालक समिति/समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

च) मनोपरामर्शकर्ता/मनोसामाजिक मनोविमर्शकर्ता : मनोसामाजिक विमर्शक (Counsellor) बाट देहाय बमोजिम मनोसामाजिक विमर्शमनो मनोपरामर्श/मनोविमर्श सेवा प्रदान गर्नुपर्ने ।

♣ संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा ।

♣ संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा ।

♣ सेवा प्रवाह गर्दा सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम रहने गरी गर्नु पर्दछ ।

छ) कानुनीकानूनी सेवा देहायमा उल्लेखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनेः

♣ प्रभावित व्यक्तिले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

♣ प्रभावित व्यक्तिले प्रचलित कानुनकानून बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा

ज) सुरक्षित आवास गृहको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछः

♣ प्रभावित व्यक्तिलाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहार गरिनु पर्दछ ।

♣ प्रभावित व्यक्तिको पहिचानको गोपनीयत्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको कुनै पनि कार्य गर्नु हुँदैनमा प्रतबन्ध ।

♣ सुरक्षित आवास गृहमा भेटघाट कक्ष वाहेकका अन्य स्थानमा अनुमति प्राप्त अनि चिकित्सक, सफाइकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेकका व्यक्तिलाई प्रवेश निषेध गर्नुपर्नेछ ।

♣ समन्वय समितिले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरी पेटीकाको व्यवस्था गर्नुपर्नेछ ।

झ) अभिलेखः सुरक्षित आवास गृहले देहाय बमोजिम अभिलेख राख्नु पर्दछ ।

♣ प्रभावित व्यक्तिको नाम दर्ता किताब ।

♣ संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब ।

♣ प्रभावित व्यक्तिको व्यक्तिगत गोप्य फाइल ।

♣ प्रचलित कानुनकानून बमोजिम आवास गृहको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात

♣ सञ्चालक समितिको निर्णय किताब

♣ स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनीकानूनी सेवाको विवरण खुल्ने प्रयेक सेवाको लगत र प्रगति प्रतिवेदन ।

♣ समन्वय/सञ्चालक समितिले तोकेको अन्य अभिलेख ।

## परिच्छेद-६

## जनशक्ति व्यब्यवस्था

१४.१५. जनशक्तिः (क) सुरक्षित आवास गृहमा महिलालाई प्राथमिकता दिई देहाय बमोजिमको जनशक्ति/कर्मचारी हुनुपर्दछ ।

♣ मनोसामाजिक विमर्शकर्ताको समेत काम गर्ने गरी आवास गृह प्रमुख एकजना,

♣ आवास गृह सहायक एकजना

♣ भान्छे (चौकिदार, सरसफाइकर्मीको समेत काम गर्ने गरी ) एक जना ।

♣ थप मनोसामाजिक विमर्शकर्ता र कानूनी सल्लाहकार (आवश्यक परेका बखत सञ्चालक समितिले

क) सिस्ने गाँउपालिकाबाट मिति मा स्वीकृत भएको सुरक्षित आवास गृह सञ्चालन सम्वन्धी निर्देशिका, २०७७ खारेज गरिएको छ ।

ख) सिस्ने गाँउपालिकाबाट गाउँपालिकाबाट मिति मा स्वीकृत भएको अल्पकालीन सुरक्षित आवास गृह सञ्चालन सम्वन्धी निर्देशिका, २०७७ बमोजिम भए गरेका काम कारवाहीहरु यसै बमोजिम भएको मानिने छ ।

आज्ञाले

डिल्ली खड्का

प्रमुख प्रशासकिय अधिकृत